# प्रज्ञा चक्षु

लेखिका
धम्मवती

:

अनुवादिका
सुशीला मानन्धर

Downloaded from http://www.dhamma.digital

१२६ औं धर्मकीर्ति ग्रन्थमाला

# प्रज्ञा चक्षु

लेखिका

धम्मवती

Dhamma.Digital

अनुवादिका

सुशीला मानन्धर

Downloaded from http://www.dhamma.digital

प्रकाशक–

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी;

धर्मकीर्ति विहार

श्रीघः, नःघः, टोल

काठमाडौं, नेपाल

फोन – २–२४५६५

चन्दा–दाता

मोहनमाया मानन्धर,

पद्ममाया मानन्धर,

देव नारायण मानन्धर

बुद्ध सं. २५३१

वि. सं. २०४४

ने. सं. ११०८

ई. सं. १९८७

प्रथम संस्करण १२०० प्रति

मुद्रक–

नेपाल प्रेस

शुक्रपथ, काठमाडौं ।

फोन– २२१०३२

Downloaded from http://www.dhamma.digital

# दुई शब्द

"मिखा" (आँखा) शब्द राखी नामाकरण गरिएको पुस्तकको लेखिका पूज्य अनगारीका धम्मवती गुरुमां हुनु हुन्थ्यो, जुन पुस्तक नेपाल भाषामा प्रकाशित भएको थियो । मिखा वा आँखा भन्ने शब्द देख्ने वित्तिकै हाम्रा अनुहारका आँखाको विषयमा केही जानकारी गराइएको होला भन्ने जिज्ञासाले यस पुस्तक मैले हेरेको थिएं, तर त्यस पुस्तकको मुख्य उद्देश्य त मानव समुदायमा मानिसहरू शिक्षित, सचेत र सजग भएर बाँच्नको लागि नभइ नहुने विवेक बुद्धि र प्रज्ञालाई नै विस्तृत रूपले प्रकाश पारी "मिखा" (आँखा) संज्ञा दिइएको मैले पाएं । हुन पनि हो, जसरी आँखा बिना मानिस अन्धा होइन्छ, त्यस्तै हाम्रो समाजमा विवेक बुद्धि र प्रज्ञा बिना मानिसहरू अज्ञानी भई आफ्नो कर्त्तव्य भुली अन्धकारमा भौंतारी रहन्छन् । त्यस्ता मानिसहरू हाम्रो समाजको लागि सहारा बन्नुको साटो बोझको रूपमा रहन्छन् । जसबाट हाम्रो समाजमा विभिन्न समस्याहरू र अशान्ती खडा भई समाज अगाडी बढ्न सकेको हुन्न । यसरी मानव समुदायमा खडा भएका विभिन्न अवरोधहरू हटाउनको लागि र यस्ता कठिनाईहरू आउन नदिनको लागि हाम्रो कर्त्तव्य के रहेछ ? भन्ने कुरा राम्ररी वर्णन गरी राखेकोले यस पुस्तकलाई नेपाली भाषामा पनि प्रकाशित गर्न पाएमा अझ धेरैलाई लाभदायी हुने आशा राखी मैले अनगारीका

Downloaded from http://www.dhamma.digital

धम्मवती गुरुमासँग यसबारे अनुमती मागें । वहाँले खुशी साथ अनुमति दिनु भयो । त्यसैले वहाँप्रति म विशेष आभारी छु ।

साथै यस पुस्तक प्रकाशनको काममा आफ्नो अमूल्य समय दिई प्रेसमा गई प्रुफ हेरी मद्दत गरेकोमा भाई बरदेश मानन्धर प्रति कृतज्ञ छु ।

प्रथम प्रयास भएकोले पुस्तक अनुवादमा धेरै त्रुटीहरू हुन सक्छन्, त्यसका लागि पाठक वर्गसंग क्षमा याचना गर्दछु ।

मंसीर २४, २०४४

सुशीला मानन्धर

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# प्रकाशकीय

धर्मकीर्ति विहारको बौद्ध ग्रन्थमालाको १२६ औं पुस्तकको रूपमा यस पुस्तक तपाईहरू सामु राख्न पाउँदा खुशी लागेको छ ।

यस पुस्तक पहिले नेपाल भाषामा प्रकाशित "भिखा" नामक पुस्तकको नेपाली अनुवाद हो । नेपाल भाषा नबुझ्नेहरूका लागि पनि बौद्ध शिक्षा सुलभ होस् भन्ने हेतुले सुश्री सुशीला मानन्धरले यस पुस्तकको अनुवाद गर्नु भएको हो । र वहाँकै बाज्या–बज्यैको स्मृतिमा वहाँको बुवा देव नारायण मानन्धर र फुफुहरू–मोहनमाया मानन्धर र पद्ममाया मानन्धर सहित परिवारका तर्फबाट पुस्तक प्रकाशनका लागि आर्थिक सहयोग समेत प्राप्त भएको छ ।

साथै श्री बरदेश मानन्धरले प्रेस सम्बन्धी कार्य भार लिइ प्रुफ हेरी दिनु भएकोले एवं नेपाल प्रेस परिवारले पनि समय मै पुस्तक छापि दिएकोले पनि पुस्तक प्रकाशनमा सघाउ पुगेको छ ।

यसरी धर्मकीर्ति विहारको बुद्ध शिक्षा प्रचार प्रसार कार्यमा आर्थिक सहयोग गर्नु हुने, अनुवाद गर्नु हुने, प्रेस सम्बन्धी कार्य भार लिनु हुने एवं प्रेस परिवारलाई समेत पनि हार्दिक धन्यवादका साथै आयु–आरोग्यको कामना गर्दछु ।

मंसीर २८, २०४४ — धम्मवती

धर्मकीर्ति विहार — अध्यक्षा

फोन २–२४५६५ — धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी

Downloaded from http://www.dhamma.digital

# धर्मदान

'सबै दानलाई धर्मदानले जित्छ' भन्ने बुद्ध वचनामृत अनुसार, हाम्रा

दिवंगत पिता पूर्णमान मानन्धर
(दिवंगत मिति वि. सं. १९९१ पौष सप्तमी)

र

दिवंगत माता पुतलीमाया मानन्धर
(दिवंगत मिति वि. सं. २००६ भदौ परेवा)

का पुण्य स्मृतिमा यो 'प्रज्ञा चक्षु' नामक नैतिक शिक्षाले भरिएको पुस्तक धर्मदान गरेका छौं। यस पुण्यले हाम्रा दिवंगत पिता-मातालाई निर्वाण लाभको हेतु होस भन्ने प्रार्थना गर्दछौं।

छोरीहरू- मोहनमाया मानन्धर
पद्ममाया मानन्धर
छोरा- देव नारायण मानन्धर

Downloaded from http://www.dhamma.digital

# प्रज्ञा चक्षु

"चक्खुं उदपादि, ञाणं उदपादि, पञ्ञा उदपादि, विज्जा उदपादि, आलोको उदपादि" अर्थात् मेरा आँखा उत्पन्न भयो, ज्ञान उत्पन्न भयो, प्रज्ञा उत्पन्न भयो, विद्या उत्पन्न भयो, आलोक उत्पन्न भयो भन्ने यस उद्गार गौतम बुद्धले सबभन्दा पहिले दिनु भएको उपदेश धर्मचक्र सूत्रमा उल्लेख भएको हो।

यस धर्मचक्र सूत्रलाई राम्ररी बुझ्न सकेको खण्डमा भगवान बुद्धलाई यथार्थ रूपमा चिन्न सकिने र बुद्ध धर्म के हो भन्ने बुझ्न पनि सकिने छ।

बुद्ध भइसकेपछि वहाँले सबभन्दा पहिला उपदेश दिनु भएको सूत्रमा मलाई आँखा प्राप्त भयो भनेर किन भन्नु भएको होला? यस कुरामा एक पटक हामीले राम्ररी विचार गर्नु परेको छ।

के महामायादेवीले लुम्बिनी बनमा जन्म दिनु भएको बेलामा सिद्धार्थ कुमारको आँखा थिएन र? बुद्धगयामा बोधिज्ञान प्राप्त गर्नु भएपछि मात्र आँखा उत्पन्न भएको र?

–त्यसो होइन। महामाया देवीले जन्म दिनु भएको बेलामा सिद्धार्थ कुमारमा हेर्दै रहरलाग्दा राम्रा आँखाहरू, नाक आदि सबै अंग पूर्ण थिए। तर यहाँ उल्लेख भएको आँखा त मासु र रगतसँग

Downloaded from http://www.dhamma.digital

सम्बन्धित आँखा होइन । केवल सम्यक ज्ञान र प्रज्ञाचक्षुको बारेमा बुद्धले त्यसो भन्नु भएको थियो । अनुहारमा भएको आँखाले त मिथ्या वा अवास्तविक संसारलाई मात्र देखिरहन्छ । यथार्थ कुरालाई बुझ्ने शक्ति त्यसमा हुन्न । यथार्थ कुरा हो होइन, ठिक बेठिक के हो बुझ्नको लागि भित्रि ज्ञानको आँखाले देख्न सक्नु पर्दछ । कसैले नराम्रो काम गऱ्यो वा कोही व्यक्ति नराम्रो आचरणमा लाग्यो भने हाम्रो पनि भन्ने चलन छ,– उक्त व्यक्ति अन्धा भएर त्यस्तो बाटोमा लाग्यो भनेर । किनकि त्यस व्यक्तिसँग आँखा त छ तर भित्रि आँखा (ज्ञानको आँखा) छैन अर्थात् विवेक बुद्धि छैन । त्यसैले उसलाई अन्धा भनेको हो ।

अब हामीले राम्ररी बुझेर भन्न सक्दछौं– बुद्धले भन्नु भएको आँखा त ज्ञान रूपी आँखा रहेछ । संसारको वास्तविक दुःख र दुःखको कारणलाई बुझेर दुःखको अन्त्य गर्ने उपाय देख्न सक्ने आँखालाई प्रज्ञा चक्षु भनिन्छ । त्यसैले धर्मचक्र सूत्रमा उल्लेख गरिएको छ "इदं दुक्खं अरियसच्चं ..., इदं दुक्खं समुदयं अरियसच्चं......, इदं दुक्ख निरोधं...... । इदं दुक्ख निरोधगामिनी पटिपदा अरियसच्चंति मे भिक्खवे पुब्बे अननुस्सुतेसु धम्मेसु चक्खुं उदपादि, ञाणं उदपादि, पञ्ञा उदपादि, बिज्जा उदपादि, आलोको उदपादि ।"

अर्थ– "हे भिक्षुहरू हो ! दुःख आर्य सत्य, दुःखको कारण भएको आर्य सत्य, दुःखको अन्त्य गर्न सक्ने आर्य सत्य र दुःखको अन्त्य गर्ने मार्ग भएको आर्य सत्य (आर्य अष्टांगिक मार्ग) आदि, यिनीहरू चार सत्य हुन् भन्ने कुरा म बुद्ध नहुञ्जेल मैले सुन्न पाएको थिएन र थाहा पनि थिएन । अब मलाई यसबारे ज्ञान प्राप्त भयो, निन्द्राबाट

Downloaded from http://www.dhamma.digital

बिउँझें, प्रज्ञा प्राप्त भयो, विद्या र आलोक उत्पन्न भयो।" यहाँ चक्खुं उदपादि = आँखा उत्पन्न भयो, ञाणं उदपादि = ज्ञान उत्पन्न भयो, विज्जा उदपादि = विद्या उदय भयो, आलोको उदपादि = अँध्यारो टुटी छर्लङ्ग देखियो भनी उल्लेख भएका पाँचवटा वाक्यहरूको एउटै अर्थ हुन आउँछ, त्यो हो– विवेक बुद्धि र प्रज्ञा।

मानिसहरूमा जबसम्म प्रज्ञा, विवेक बुद्धि हुँदैन, तबसम्म उनीहरूको जीवन सुखमय हुँदैन, अन्धकारमै परिरहन्छ। त्यसैले बुद्धले भन्नु भएको छ, –"नत्थि पञ्ञा समा आभा" अर्थात् प्रज्ञा र बुद्धिसंग तुलना गर्न योग्य ज्योती वा प्रकाश अरू कुनै छैन। चन्द्र र सूर्य आदिका प्रकाशले जहिले पनि एकनासले काम दिदैन। तर प्रज्ञारूपी प्रकाशमा जहिले पनि झलमल भएर सबै देखिरहन्छ। "पञ्ञा नरानं रतनं" अर्थात् "प्रज्ञा नै मानिसहरूको सम्पत्ति, रत्न हो" भनी तथागतबाट आज्ञा भएको कुरा ठीक हो। यहां प्रज्ञाको अर्थ ठीक मात्रामा बुझ्ने हो। बढी मात्रामा होइन। प्रज्ञा भनेको नून जस्तै मात्रा मिलाउन सक्नु पर्ने कुरा हो।

प्रज्ञाको अभावले अथवा चाहिने मात्रामा प्रज्ञाको अभावले गर्दा मानिसहरू लौकिक भव भोगमा लिप्त भएर काम तृष्णामा अल्झीरहन्छन्। धर्म गरेतापनि पछिल्लो जन्ममा सुख भोग गर्ने भव तृष्णामा भुलीरहन्छन्। कोही धर्म कर्म भनेको केही होइन, मरिसकेपछि केही पनि हुँदैन भनी स्वार्थी भई विभव तृष्णाको जालमा परिरहन्छन्।

तथागतबाट धर्मचक्र सूत्रमा देसना गर्नु भएको अनुसार काम तृष्णामा भुल्ने, पुनर्जन्मको मात्र आशा गरिरहने र पुनर्जन्म नै छैन

Downloaded from http://www.dhamma.digital

भनिरहने सबै प्रज्ञा नहुनुको लक्षण हो । प्रज्ञा भएकाहरू आ–आफ्नो कर्त्तव्य पालन गरी, नहुने खराब काम छोडी कुशल मार्गमा गइरहेका हुन्छन् । यही हो प्रज्ञावानका लक्षण । अशान्ति र दु:ख भयो भने यो किन भयो भनी विचार गरी यसको कारण पत्ता लगाई यसलाई एकातिर फाल्न सक्नु नै प्रज्ञा हो । यस्तो शक्ति र बुद्धि प्राप्त गरेको-लाई नै आँखा प्राप्त भयो भनेको हो ।

प्रज्ञा केलाई भनिन्छ, कुन अर्थलाई प्रज्ञा भनिन्छ, यो कुरा हामीले राम्ररी बुझ्नु पर्ने कुरा हो । तरकारीमा नून पुग्यो भने कति स्वादिलो हुने हो, त्यसरी नै जीवनमा प्रज्ञा भयो भने जीवन रसमय हुन्छ । जुन कुरामा पनि राम्ररी विचार पु-याई बुझ्न सक्नुलाई प्रज्ञा भनिन्छ । सुनेको भरमा विश्वास नगरी, हो होइन, ठीक बेठीक बुझ्न एवं छुट्याउन सक्नु नै प्रज्ञाको लक्षण हो ।

प्रज्ञा भनेको हाम्रो चित्तबाट टाढा रहने चीज होइन । त्यसो भनेर सबै चित्तमा प्रज्ञा हुन सक्दैन । अभिधर्म अनुसार त्रिहेतुक (अलोभ, अदोष, अमोह) चित्तमा मात्र प्रज्ञा हुन्छ । द्विहेतुक चित्तमा प्रज्ञा नै हुँदैन । संज्ञा, विज्ञान र प्रज्ञा यसो हेर्दा एउटै जस्तो लाग्दछ तर अभिधर्ममा बुद्धले बताउनु भए अनुसार यी सबै एउटै होइनन्, चित्त र चेतसिक अलग अलग हुन् । यो कुरा बुझ्न सजिलो छैन । त्यसैले मिलिन्द प्रश्नमा नागसेन महास्थविरले मिलिन्द राजालाई भन्नु भएको थियो– "महाराज ! भगवान् बुद्धले एकदम बुझ्न गाह्रो, रूप नभएको र एउटै आलम्बनमा हुने चित्त–चेतसिकलाई फारेर, यो स्पर्श, यो वेदना, यो संज्ञा, यो चेतना, यो चित्त हो भनेर बताउनु भयो" ।

Downloaded from http://www.dhamma.digital

अब प्रज्ञा भनेको के हो सजिलोसित बुझ्नको लागि विशुद्धि-मार्गमा रहेको एउटा उदाहरण यहाँ प्रस्तुत गर्न लागेको छु–

एउटा असर्फी केही नजान्ने बच्चाको अगाडी फालिदियो भने त्यो बच्चाले असर्फी देख्नासाथ गोलाकारको खेल्ने खेलौना सम्झन्छ। उसलाई त्यस वस्तुको मूल्य र महत्व केही थाहा हुँदैन। त्यहाँ संज्ञा एउटा मात्र हुन्छ।

त्यही असर्फी एउटा किसानको अगाडी फालिदियो भने उसले विचार गर्छ, आहा! एकदम मूल्यवान चीज एउटा प्राप्त भयो, मैले यो बेचेर यसबाट प्राप्त भएको सम्पत्तिले खेती गर्ने औजारहरू किन्छु, लुगा किन्छु आदि भनेर। तर त्यस किसानलाई त्यस वस्तुको वास्तविक मूल्य थाहा हुँदैन। नक्कलि वा सक्कलि के हो भनेर पनि थाहा हुँदैन।

त्यही असर्फी एउटा सुनारलाई वा सराफो कहाँ दियो भने उसले त्यस वस्तु बजाएर हेर्छ, जाँचेर हेर्छ, चाटेर हेर्छ, सुंघेर हेर्छ, कहाँ बनेको, सक्कली हो वा नक्कली आदि जाँच्दछ। सुनारले त्यो असर्फी-लाई बिगारेर एउटा हीरा राखी औंठी बनाई बढी पैसा कमाउने विचार गर्दछ। यसो भनेको असर्फीको बारेमा सुनार र सराफीसँग राम्रो ज्ञान रहेछ। यो उपमाबाट ज्ञान प्रज्ञा-ज्ञानले कुनै कुरालाई राम्ररी बुझ्न कसरी सघाउँछ भन्ने राम्ररी बुझ्न सकिन्छ।

प्रज्ञाको अर्को लक्षण हो–मोह अन्धकारलाई नाश गरी चित्तलाई चञ्चल नगरी एकै ठाउँमा बाँधी राख्नु। प्रज्ञावान मानिसले चित्तलाई दमन गर्दछ। कसरी चित्तलाई दमन गर्दछ? यो कुरा थाहा पाउन पनि

Downloaded from http://www.dhamma.digital

एउटा कथा यहां प्रस्तुत गरेको छु–

भगवान् बुद्धको समयको घटना हो, त्यो बेला उहाँको अग्रश्रावक सारीपुत्र महास्थविरप्रति श्रद्धा राख्ने एउटा उपासक रहेछ। उसको एकदम प्रभावशाली, बुद्धिवान् र रहरलाग्दो एउटा पुत्ररत्न उत्पन्न भयो। त्यस छोरालाई नाम राख्ने दिनमा सारीपुत्र स्थविरलाई निमन्त्रणा गरी भोजन गराइसकेपछि छोरालाई नामाकरण गराउनको लागि प्रार्थना गरे।

सारीपुत्र स्थविरले सोध्नु भयो– "कस्तो नाम राखे राम्रो होला ?" बालकको आमा बाबुले भने– "भन्ते ! यो बालक गर्भमा प्रवेश गरेदेखि घरमा सिद्धी प्राप्त भयो। लाटाहरूले पनि राम्ररी कुरा गर्न सके। बुद्धि बढ्दै आयो। त्यसैले यो बालकको नाम पण्डित राखेमा बेस होला जस्तो छ।" उहाँले बालकको नाम पण्डित नै राख्नु भयो।

त्यो पण्डित बालक सात वर्षको हुँदा "म पनि सारीपुत्र भन्ते कहाँ प्रव्रजित हुन्छु" भनी आमासँग प्रार्थना गरे। आमा चाहिँले उक्त बालकको इच्छा पूरा गरिदिने विचार गरिन्। त्यस बालक भिक्षु भयो भने त आफू पनि बुद्ध शासनमा भिद्दिने भयो ! आमा चाहिँ सारीपुत्र भन्ते कहां गएर भनिन्– "बालकको भिक्षु हुने ठूलो इच्छा छ। उनले आफ्नै मनले प्रव्रजित (त्यागी) हुने इच्छा प्रकट गऱ्यो। त्यसकारण उसलाई प्रव्रजित गरीदिनु होस्।" सारीपुत्र स्थविरले पण्डित बालकलाई प्रव्रजित गराइदिनु भयो। आमा–बाबु दुबै जना सात दिनसम्म बिहारमा बसी आफ्नो घर फर्के।

Downloaded from http://www.dhamma.digital

भोलीपल्ट देखि पण्डित श्रामणेर सारीपुत्र भन्तेसंग भिक्षाटनको लागि गयो । एक दिनको कुरा हो, बाटोमा पानीको ढल खेतमा लगिराखेको देखी सारीपुत्र भन्तेसंग उक्त पण्डित श्रामणेरले सोधे– भन्ते यो पानी के गर्नको लागि लगिराखेको ?

सारीपुत्र भन्तेले भन्नुभयो– कृषकहरूले आपनो बालीको लागि खेतमा लगिराखेको हो ।

श्रामणेरले सोधे– भन्ते, यो पानीको चित्त छ ?

सारीपुत्र भन्ते– पानीको चित्त छंन ।

श्रामणेर– चित्त नभएको पानीलाई आफूले भनेको ठाउँमा लग्न सकिन्छ ?

सारीपुत्र भन्ते– हामीलाई जहाँ जहाँ चाहिन्छ, लग्न सकिन्छ ।

त्यस्तै अर्को एक ठाउँमा धनुबवाण बनाइराखेको देख्यो । जुन एकदम सिधा भएकोले बंगाएर तेर्साईरहेको थियो । त्यस्तै त्यहाँबाट अलिपर सिकर्मीहरूले काठलाई ताँछी आफूलाई जसरी चाहिने हो, त्यसरी नै बनाइराखेको देखी सोधे,– त्यस काठको चित्त छ ? चित्त छंन भन्ने उत्तर सुनी उक्त पण्डित श्रामणेरले बिचार गऱ्यो, चित्त नभएको पानी र काठलाई त आफूले भने जस्तै गर्न सकिन्छ भने हामीले यो चित्तलाई आपनो अधिनमा वा बसमा राखी श्रमण धर्म पूरा गर्न किन नसक्नु ? यस्तो विचार गरी श्रामणेरले भावना गर्न शुरू गऱ्यो । फलस्वरूप छिटै नै उक्त पण्डित श्रामणेर अरहन्त (निर्दोष) वा जन्ममरणबाट मुक्त व्यक्ति भए । त्यसो भनेको आपनो मनलाई बसमा राख्न सक्ने व्यक्ति भयो ।

Downloaded from http://www.dhamma.digital

यो कुरा थाहा पाई बुद्धले यो गाथा आज्ञा गर्नु भयो–

"उदकं हि नयन्ति नेत्तिका
उसुकारा नमयन्ति तेजनं ।
दारूं नमयन्ति तच्छका
अत्तानं दमयन्ति पण्डिता ।"

(धम्मपद)

अर्थ– ढल खन्नेले आफूलाई चाहिएको ठाउँमा पानी लग्छ, बाणकारकले आफूलाई चाहे जस्तै बाण तेर्साएर बनाउँछ, सिकर्मीले आफूलाई चाहे जस्तै काठ तेर्साएर बनाउँछ, पण्डितहरूले आफूलाई दमन गर्छ ।

यहाँ पण्डित भनेको नै प्रज्ञावानलाई भनेको हो । ठाउँ हेरी काम गर्न सक्ने, आफ्नो मनलाई वसमा राख्न सक्नेलाई पण्डित भनिन्छ ।

उन्नति मध्ये प्रज्ञा, बुद्धि ठूलो भनी बुद्धले अंगुत्तर निकायमा आज्ञा गर्नु भएको छ– "अप्पमत्तिका एसा भिक्खवे बुद्धि यदिदं ञाति बुद्धि . . . भोग बुद्धि . . . यसो बुद्धि एतदग्गं भिक्खवे बुद्धि नं यदिदं पञ्ञाबुद्धि तस्मातिहं भिक्खवे एवं सिक्खितब्बं पञ्ञा बुद्धिया वड्ढीस्सामाति" । (अंगुत्तर निकाय)

अर्थ– भिक्षुहरू हो ! नाता कुटुम्बहरू धेरै हुनु, भोग सम्पत्ति धेरै हुनु र यशकीर्ति धेरै हुनु भन्दा प्रज्ञा हुनु उत्तम । त्यसैले भिक्षुहरू हो ! तिमीहरूले प्रज्ञावान हुनुमा कोशिस गर्नु पर्दछ ।

अर्को ठाउँमा बुद्धले भन्नु भएको छ,– मूर्ख मित्र भन्दा बुद्धि

Downloaded from http://www.dhamma.digital

भएको शत्रु असल "सेय्यो अमित्तो मतिया उपेतो न त्वेव मित्तो मति विप्पहिनो" (मकस जातक)

यस्तो किन भन्नु भयो भन्ने कुरा बुझाउनको लागि मकस जातक भन्ने कथा प्रस्तुत गर्दछु । पहिला पहिला बोधिसत्व काशी देशमा व्यापारीको कूलमा जन्मी व्यापार गरिरहनु भएको थियो । त्यस बेला काशी प्रदेशमा सिकर्मीहरू धेरै रहेछन् । एकजना सिकर्मीको एउटा मूर्ख छोरो रहेछ । त्यस सिकर्मीले रूख काटिरहेको बेलामा आफ्नो टाउकोमा एउटा ठूलो लामखुट्टेले रगत चुसिरहेको थाहा पाई छोरा चाहिलाई बोलाएर लामखुट्टे भगाईदिन भने । छोरा चाहिले आफ्नो बाबुको रगत चुस्ने लामखुट्टेलाई किन बाँकी राख्ने भनी बसिलाले हिर्काउँछु भनी हिर्काएको त बाबुको यो टाउको दुई टुक्रा भयो । त्यसैले भनिएको छ, मूर्ख मित्र भन्दा बुद्धि भएको शत्रु नै उत्तम ।

– (मकस जातक)

अर्को उदाहरण– एकजना बगैंचे माली रहेछ । उसलाई एक दिन बाहिर जान परेकोले अर्को एकजनालाई बोलाई फूलको बोटमा पानी देउ भनी काम अह्राएर गयो । त्यो मानिस मूर्ख रहेछ । फूलको बोटमा पानी दिनु अगाडि उक्त बोट उखेलेर हाँगा नापेर कति पानी दिनु पर्दो रहेछ हेर्ने विचार गरेछ । हाँगा एक वित्ता लामो रहेछ भने त्यत्ति नै पानी दिने, चार अमल लामो रहेछ भने अलिकति पानी दिंदोरहेछ । फुलको बोटहरू फेरि उखेलेर रोपेको हुनाले सबै फुलको बोटहरू सुकेर गएको देखी बगैंचे मालीले एकदम चित्त दुखाएर बस्नु पर्‍यो । मूर्खहरूलाई

Downloaded from http://www.dhamma.digital

काम अह्रायो भने नराम्रो परिणाम हुँदोरहेछ ।

—(जातक)

अनाथपिण्डक महाजनको रक्सी बेचेर जीविका चलाउने एक-जना साथी थियो । उसले रक्सी बेचेर धेरै पैसा कमाईरह्यो । एकदिन उसलाई बाहिर जान परेकोले आफू कहाँको एउटा मानिसलाई रक्सी बेच्ने कामको भार सुम्पी उ बाहिर गयो । पसलमा रक्सी खाने मानिस-हरू आए । एकजनाले रक्सी खानु अघि नून अलिकति खाई रक्सी खायो । त्यस रक्सी बेच्नेले रक्सीमा नून नपुगेको होला भनी २ माना जति नून रक्सीको घ्याम्पोमा राखिदियो । पछि रक्सी खान आउने जति सबैले थुथु गरी रक्सी ओकल्दै गए । एक पैसा पनि लिन पाएन । रक्सी सबै बिग्रियो । मूर्खहरूले गर्दा काम खराब बनाइदिन्छ । उनी-हरूलाई ठीक काम गरेको जस्तो लागे पनि उल्टो भइरहन्छ ।

Dhamma.Digital—(वाराणसी जातक)

त्यसैले भनिएको छ, मूर्ख मित्र असल हुन्न, बरू बुद्धि भएको शत्रु नै असल हुन्छ । "यानि कानि च भिक्खवे भयानि उप्पज्जन्ति सब्बानितानि बालतो उपज्जन्ति—नो पण्डितो" अर्थात् संसारमा जति पनि भय र बिपत्ति हुन्छन् ती सबै मूर्खहरूको तर्फबाट नै हुने हुन्, पण्डित र बुद्धिमानहरूको तर्फबाट हुँदैनन् भनी बुद्धले समय समयमा भन्नु भएको छ ।

"कम्मलक्खणं भिक्खवे बालो कम्मलक्खणे पण्डितो" अर्थात् मूर्ख र पण्डित भन्ने कुरो आ—आफ्नो कामबाट नै छुट्टिन्छन् ।

यी उदाहरणहरूबाट यो स्पष्ट हुन्छ कि— प्रज्ञा भनेको यथार्थ

Downloaded from http://www.dhamma.digital

कुरा बुझ्ने ठीक बेठीक छुट्याउने, वास्तविकता बुझ्नेलाई भनिन्छ। प्रज्ञा धेरै प्रकारका छन्–

## जाति प्रज्ञा

कुनै प्राणी आमाको गर्भमा रहेदेखि प्रतिसन्धि संगै आउने प्रज्ञालाई जाती प्रज्ञा अथवा जन्मजात प्रज्ञा भनिन्छ। यस प्रज्ञा पूर्वकर्मानुभावबाट प्राप्त हुने हुनाले यसलाई विपाक प्रज्ञा पनि भनिन्छ। यो जन्मैबाट प्रज्ञा साथमा हुनेलाई अभिधर्मानुसार त्रिहेतुक प्रतिसन्धि भनिन्छ। यस्ता व्यक्तिहरू नाना शिल्पशास्त्र अध्ययन गर्न सक्नुका साथै ध्यान लाभ गर्ने, मार्गफल प्राप्त गर्न सक्ने आदि हुन्छन्।

## स्थानोचित प्रज्ञा

ठाउँ हेरेर काम गर्न सक्ने प्रज्ञा। यो प्रज्ञा हुने मानिस कहिल्यै पनि पतन हुँदैन। सबै ठाउँमा उसको सम्मान मात्र हुन्छ। किनकि उसले जहाँ पनि ठीक तरीकाले काम गर्न सक्दछ।

## श्रुतमय प्रज्ञा

विद्वान पण्डितहरूको सत्संगत र हीत उपदेश सुनी, पुस्तक अध्ययन गरी सिकेको प्रज्ञालाई श्रुतमय प्रज्ञा भनिन्छ।

## चिन्तामय प्रज्ञा

आफैले विचार पुऱ्याई योनिसो मनसिकार वा आफ्नै मनले देखी चिन्तन-मनन गरी बुझ्न सक्ने शक्तिलाई चिन्तामय प्रज्ञा भनिन्छ।

## भावनामय प्रज्ञा

संसारका सबै चीज अनित्य (परिवर्तनशील) दु:ख र आफ्नो

Downloaded from http://www.dhamma.digital

बसमा नहुने हुनाले अनात्मा भनी बुझ्नेलाई भावनामय प्रज्ञा भनिन्छ ।

आजकाल संसारका गतिविधि बारे अखबार, रेडियो, आदि-द्वारा प्रसार गरिने विभिन्न ज्ञानहरू अध्ययन गरिन्छ, जसलाई सामान्य प्रज्ञा (ज्ञान) भनिन्छ ।

बुद्धले सबभन्दा पहिले उपदेश दिनु भएको "धर्मचक्र सूत्रमा" मध्यम मार्ग र प्रज्ञाको बारेमा विशेष महत्व दिनु भएको कुरालाई हामीले बुझ्नु पर्दछ साथै धेरै काम लाग्दो छ र व्यवहारिक पनि छ । प्रज्ञा नहुनेहरू आँखा भएपनि अन्धा बराबर हुन्छन् ।

अब लागौं, आँखा भएपनि अन्धा बन्नेहरू, एउटा मात्र आँखा हुनेहरू, र दुवं आँखाले देखन सक्नेहरू आदिका बारेमा बुद्धको विचारका बारेमा–

तयो मे भिक्खवे पुग्गला सन्तो सविज्जमाना लोकस्मिं कतमे तयो– अन्धो, एक चक्खु, द्वि चक्खु .... ।

–(अंगुत्तर निकाय)

अर्थ– भिक्षुहरू हो ! संसारमा ३ प्रकारका मानिसहरू छ । ती हुन्,

–दुवं आँखा नदेखने (अन्धा), एउटा आँखा नदेखने र दुवं आँखाले देखने आदि ।

भिक्षुहरू हो ! अन्धा मानिस कस्ता हुन्छन् ?

कोही कोही मानिसहरू यस्ता पनि हुन्छन्, जसले आफूसँग भएको सम्पत्तिको सुरक्षा र उन्नति गर्न जाँदैनन्, कुशल, अकुशल के हो

Downloaded from http://www.dhamma.digital

भनी छुट्टाउन पनि सक्दैनन्, सदोष र निर्दोष, पुण्य र पाप, असल खराब आदि बारे केही पनि थाहा पाउँदैनन् । तिनीहरू दुबै आँखा नभएका अथवा अन्धाहरू जस्तै हुन् ।

एउटा आँखा हुने मानिसहरू कस्ता हुन्छन् त ?

कोही कोही मानिसहरू यस्ता हुन्छन्, जसले आफूसँग नभएको भोग सम्पत्ति बनाउन जान्दछन्, भएको सम्पत्तिलाई उन्नति गर्न पनि जान्दछन् तर उनीहरूसँग कुशल र अकुशल, सदोष र निर्दोष, पुण्य र पाप, परस्पर विरोधी स्वभाव आदि बारे बुझ्न सक्ने आँखा हुँदैन । यस्ता मानिसहरू एउटा मात्र आँखा हुनेहरू (काना) जस्तै हुन् ।

दुबै आँखा हुनेहरू कस्तालाई भनिन्छ ?

कोही कोही मानिसहरू यस्ता पनि हुन्छन्, जसले आफुसँग नभएको सम्पत्ति बनाउन पनि जान्दछन्, प्राप्त भएको सम्पत्तिको सुरक्षा र उन्नति पनि गर्न जान्दछन्, कुशल अकुशल पनि चिन्दछन्, सदोष र निर्दोष बारे पनि बुझ्दछन्, पुण्य र पाप पनि चिन्दछन् भने ठीक र बेठीक पनि छुट्टाउन सक्दछन् । त्यस्तालाई दुबै आँखा भएका मानिस भनिन्छ ।

"न चेव भोगा तथारूपा न च पुञ्ञानि कुब्बति
उभयत्थ कलिग्गहो अन्धस्स हत चक्खुनो"

अर्को तरीकाबाट भन्ने हो भने आँखा नहुने अन्धासँग न कुनै प्रकारको भोग सम्पत्ति हुन्छ न त उसले कुनै पुण्य नै गरिरहन्छ ।

"अथा परायं अक्खातो एक चक्खु च पुग्गलो
धम्मा धम्मेन ससट्ठो भोगानि परियेसति"

Downloaded from http://www.dhamma.digital

जोसँग एउटा मात्र आँखा छ, उसले धर्म र अधर्म दुबै काम गरी सम्पत्ति कमाउँदछ ।

"येय्येन कूट कम्मेन मुसा वादेन चुभयं
कुसलो होति सं घातुं काम भोगी च मानवो
इतो सो निरयंगन्त्वा एक चक्खु विहञ्ञति"

उसले चोरेर पनि, ठगेर पनि, झूठ कुरा बोलेर पनि कमाउँदछ, गृहस्थाश्रममा बसेर उक्त मानिसले काम भोगको सम्पत्ति संचय गर्ने काममा चलाख हुन्छ तर त्यो एउटा मात्र आँखा हुने मानिस मरेर नर्कमा दुःख भोग गर्न जानु पर्ने हुन्छ ।

"द्वि चक्खु पन अक्खातो सेट्ठो पुरिस पुग्गलो
धम्म लध्येहि भोगेहि उट्ठानाधिगतं धनं"

दुबै आँखा हुने मानिस उत्तम हो । उसले इमान्दारी पूर्वक वा धार्मिक रूपले सम्पत्ति लाभ गर्दछ ।

"ददाति सेट्ठ सङ्कप्पो अब्यग्ग मनसो नरो
उपेति भद्दकं ठानं यत्थ गन्ता नसो चति"

फेरि कञ्जुस नभइकन उक्त सम्पत्ति त्याग पनि गर्दछ । यही पुण्य कर्मबाट उसले छन छन उन्नति गरी सद्गति प्राप्त गर्दछ, जहाँ उसलाई कहिल्यै पनि शोक हुँदैन । उ पतन हुँदैन ।

"अन्धञ्च एक चक्खुञ्च आरका परिवज्जये
द्वि चक्खुं पन सेवेथ सट्ठं पुरिस पुग्गल"

त्यसैले अन्धाहरू र एउटा आँखा भएका कानाहरूसँग टाढा नै

Downloaded from http://www.dhamma.digital

रहनु पर्दछ । बुद्ध आँखा भएका सज्जनहरूको मात्र सत्संग गर्नु पर्दछ ।

—(अंगुत्तर निकाय तिक निपात)

प्रज्ञाको बारेमा बुद्धले भन्नु भएको कुरा अंगुत्तर निकायमा यरू पनि उल्लेख भएको पाइन्छ ।

"तयो मे भिक्खवे पुग्गला सन्तो संविज्जमाना लोकोस्मिं कतमे तयो—अवकुज्ज पञ्ञो पुग्गलो, उच्छङ्ग पञ्ञो पुग्गलो, पुथु पञ्ञो पुग्गलो......।"

भिक्षुहरू हो ! संसारमा बुद्धि नहुने, काखमा बुद्धि हुने र पूरा बुद्धि हुने, यी तिन प्रकारका मानिसहरू छन् ।

(१) "अव कुज्ज पञ्ञो पुरिसो दुम्मेधो अवि चक्खणो अभिक्खणपि चे होति गन्त्वा भिक्खूनं सन्तिके आदिं कथाय मज्झं च परियोसानं च तादिसो उग्गहेतुं न सक्को ति पञ्ञा हिस्स न विज्जति"

बुद्धि नहुने मान्छे कस्तो हुन्छ ?

दुर्बुद्धि अक्कल नहुने, उपबुज्झुक मानिस भिक्षुहरू कहाँ बरोबर जान्छ, कथा सुन्छ, तर शुरु देखि अन्तसम्म केही संझिने शक्ति र बुझ्ने शक्ति उसमा हुँदैन । किनकि उसंग प्रज्ञा नै हुँदैन ।

यसलाई सिरक बुद्धि भने पनि हुन्छ । सिरकमा जति सियोले घोचेपनि प्वाल देखिन्न । त्यस्तै यस्तो व्यक्तिलाई जति कुरा बताएपनि उस्मा केही संझना हुँदैन र बुझ्दैन ।

Downloaded from http://www.dhamma.digital

(२) "उच्छङ्ग पञ्ञो पुरिसो सेय्यो ऐतेन बुच्चति
अभिक्खणम्पि चे हो ति गन्त्वा भिक्खुन सन्तिके
आदिं कथाय मज्झञ्च परियोसानञ्च तादिसो
निसिन्नो आसने तस्मिं उग्गहेत्वान ब्यञ्जनं
वुट्ठितो नप्पजानाति गहितम्पितस्स मुस्सति"

काखमा बुद्धि हुने कस्तो हुन्छ ?

काखमा बुद्धि हुने मानिस, दुर्बुद्धि मानिस भन्दा उत्तम हुन्छ। उ बरोबर भिक्षुहरू कहाँ गइरहन्छ। सुनेको उपदेश आदी, मध्य र अन्त्यसम्म (शुरू देखि अन्त्यसम्म) पनि मनमा धारण गर्दछ। तर आफ्नो आसनबाट उठेर जानासाथ जहाँ बसेको हो, त्यहीं छोडेर हिंड्छ, केही पनि संझर्दैन। यसरी बसिरहुञ्जेल काखमा बाँकी भइराख्ने, उठेपछि बिर्सेर भुईंमा खस्ने, यसलाई छाला बुद्धि भएको मानिस भने पनि हुन्छ। किन भने छालामा सियोले घोच्ने बेलामा उक्त सियोले बनाउने प्वालको चिह्न केही बाँकी भइराखे जस्तै सिकाएको कुरालाई उसले त्यही समयमा अलिकति भए पनि संझेको हुन्छ।

(३) "पुथु पञ्ञो च पुरिसो सेय्यो ऐतेहि बुच्चति
अभिक्खणम्पि चे होति गन्त्वा भिक्खुन सन्तिके
आदिं कथाय मज्झञ्च परियोसानञ्च तादिसो
निसिन्नो आसने तस्मिं उग्गहेत्वान ब्यञ्जनं
धारेति सेट्ठ सङ्कप्पो अब्यग्ग मनसो नरो
धम्मानु धम्म पटिपन्नो दुक्खस्सन्त करोसियाति"

Downloaded from http://www.dhamma.digital

परिपक्व बुद्धि हुने कस्तो हुन्छ ?

बुद्धि नहुने र अलिकति बुद्धि हुने भन्दा छिपेको बुद्धि हुने सबभन्दा उत्तम हुन्छ । उ जहिले पनि भिक्षुहरू कहाँ गई उपदेशहरू सुन्दछ । उसले बस्दाबस्दै उपदेशको आदी, मध्य र अन्त्यसम्म सुनी मनमा धारण गर्दछ । शान्त चित्त र धर्मानुसार आचरण गरी दुःख अन्त्य गर्ने बानी बसाल्छ । यसलाई तेल बुद्धि भनिन्छ । जसरी तेल अलिकति मात्र कहीं पोख्यो भने पनि फैलेर विस्तृत हुन्छ, त्यसरी नै त्यस्तो व्यक्तिलाई अलिकति मात्र कुरा बताएपनि बिस्तृत रूपले बुझी दीर्घकाल सम्म पनि सम्झी राख्दछ ।

माथिको कुराबाट थाहा हुन्छ, यहाँ आँखा भनेको प्रज्ञा चक्षु हो । मासु र रगतसंग सम्बन्धित आँखा साँचो अर्थमा आँखा होइन । धेरै जसो आमा बाबुले आपना छोराछोरीलाई मासुबाट बनेको आँखा मात्र दिन सक्ने हुन्छन् तर प्रज्ञा चक्षु दिन सकिरहेका छैनन् । त्यसंले आमा बाबुले आपना छोराछोरीहरूलाई प्रज्ञा चक्षु अर्थात् ज्ञानरूपी आँखा दिलाउन राम्रो शिक्षा दिने ठाउँमा, राम्रो बाटो देखाइदिने गुरु कहाँ अध्ययन गराउन पठाउने र सत्संगत गर्न पठाउनु पर्दछ ।

मेरो बिचारमा त प्रज्ञा चक्षु र विवेक बुद्धि वृद्धि गर्न बौद्ध शिक्षा नै अध्ययन गर्नु पर्दछ । बौद्ध शिक्षाको अध्ययनबाट मात्र प्रज्ञा-रूपी आँखा प्राप्त गर्न सकिन्छ । यही मात्र साँच्चैको रचनात्मक शिक्षा (व्यवहारिक शिक्षा) हुन सक्दछ । आज हाम्रो देश नेपालमा भौतिक वा लौकिक सुख पहिला भन्दा धेरै उन्नति हुँदै गइरहेको छ । शिक्षाको पनि राम्रो प्रचार प्रसार भइरहेको छ । तर भौतिक सुख र शिक्षाको

Downloaded from http://www.dhamma.digital

उन्नतिको तुलनामा आध्यात्मिक ज्ञानको उन्नति भएको देखिदंन। त्यसैले नैतिक उन्नति हुन सकेको छैन। नैतिक उन्नति नभइकन जीवन सुखमय होला भनी कसरी आशा गर्नु! जीवन सुखमय हुनलाई शारीरिक सुख र मानसिक सुख दुवै हुनु पर्दछ।

यसो किन भनिरहेको भने आज भौतिक उन्नति भइरहेको देश-हरू धेरै छन्, तर उनीहरूसँग बुद्धको उपदेश "मनलाई बसमा राख्ने" औजार नभएकोले उनीहरू मध्ये कतिपय मानसिक रोगले ग्रस्त भइरहेका छन्। उदाहरणको लागि हिप्पीहरू हाम्रा अगाडि छन्। के उनीहरूसँग पैसा छैन र? लखपतिहरू आज हिप्पी भई नशामा लट लगाएर बहुला जस्तै भईरहेका छन्। उनीहरूसँग लाज र डर छैन। त्यसैले मेरो विचारमा जीवन साँच्चैको सुखमय गर्नलाई बौद्ध शिक्षा नै चाहिन्छ। मतलब शिक्षाको साथसाथै व्यवहार पनि राम्रो गर्दै लानु पर्दछ। सेवाभाव राखी काम गरेर लानु नै बौद्ध शिक्षा हो। ठीक बेठीक छुट्टाई बहुजन हिताय बहुजन सुखाय काममा लाग्नु नै बुद्धको मार्गमा जानु हो।

मैले बुझें अनुसार हाम्रो जीवन सुखमय बनाउनको लागि आफूलाई चाहिने मात्रामा धन पनि कमाउनु पर्दछ। तर धन कमाई धनको भम्मलले लट्ठ परी धनको नशामा लट लगाउनु हुन्न। धन मात्र भएर पुग्दंन। त्यसको साथसाथै गुण पनि चाहिन्छ, व्यवहार पनि राम्रो हुनुपर्दछ। त्यसको लागि बौद्ध शिक्षा नभई हुन्न। बौद्ध शिक्षा भनेको बुद्धलाई पूजा गर्न जान्नु मात्र होइन। तथागत (बुद्ध) ले भन्नु भएको छ– जन सेवा गर्नु र परोपकारमा लाग्नु, सहयोग गर्नु, स्वार्थी

Downloaded from http://www.dhamma.digital

नहुनु नै बौद्ध शिक्षा हो । जीवनमा शान्ति र सुख ल्याउने साँचो पनि यही नै हो ।

आज हामी कहाँ नैतिकता नभएको बारेमा धेरै चर्चा चलिराखेको छ । के गरेमा नैतिकता बलियो हुन्छ ? यसको लागि राम्रो शिक्षा दिएर जीवन सम्बन्धि गतिविधि बारे काम पनि सिकाउँदै लानु पर्दछ । स्वस्थ साँस्कृतिक गतिविधि पनि हुनु पर्दछ । त्यसो भनेको सस्तो मनोरञ्जन दिने चलचित्र आदि मोजमज्जा गर्ने विषयहरु, उच्छृङ्खल स्वतन्त्रता भनेको होइन। त्यस्तो नैतिक पतन हुने मनोरञ्जन दिउञ्जेल शिक्षा धेरै व्यवहारिक र व्यवसायिक भए पनि नैतिक सुधार हुन सक्दैन । चारैतिर देखिरहेकोवातावरण पनि राम्रो हुन पर्‍यो । पुरानो रीतिथिती र चालचलन, कुसंस्कार आदि पनि छोड्दै जानु पर्दछ । अनि मात्र शिक्षाको प्रभाव राम्रो हुँदै जान्छ ।

मुख्य कुरा त यहाँ आँखा वा प्रज्ञाको बारेमा लेखिरहेको हो । भन्नुको तात्पर्य तपाईका छोराछोरीहरूलाई आध्यात्मिक शिक्षा वा नैतिक शिक्षा दिनु नै पर्दछ । आचरण शुद्ध हुने शिक्षा पनि नभई हुन्न । यसबाट पनि धेरै नैतिक सुधार हुन्छ । यो कुरा प्रष्ट पार्नको लागि एउटा कथा प्रस्तुत गर्दछु—

पहिला पहिला एउटा राजा थियो । त्यो राजाको असाध्य मन परेको एउटा गुरु पुरोहित थियो । त्यस पुरोहितको भने बच्चा थिएन । उसले बच्चा वा सन्तान बनाउनको लागि धेरै पूजा पाठ गरे । कति वर्ष पछि उसको जहानको गर्भ रह्यो । पुरोहित असाध्य खुसी भए । बल्ल छोराको मुख देख्न पाइने भयो । मेरो कुलको रक्षा हुने भयो

Downloaded from http://www.dhamma.digital

भन्ने विचार गऱ्यो । साँच्चै उसको इच्छा अनुसार उसको जहानले छोरा नै पाई ।

तर संसारको स्वभाव हो, सुखको पछि पछि दुख पनि आउँदो रहेछ । त्यस पुरोहित ज्योतिष रहेछ । उसले बालकको भविष्य बारे विचार गरेर हेर्दा त्यस बालक भविष्यमा चोर हुने देखियो । बल्ल पाएको छोराको भविष्य बारेमा सबै कुरा थाहा पाउँदा छोरा पाएर हर्ष हुनाको साथै दुःख र अपशोच पनि भयो । त्यस बालक साधारण चोर मात्र होइन राजाको ढुकुटी नै फोर्न जाने सम्भावना भएको बालक रहेछ । आफु भने राजाको हजुरीया राजपुरोहित गुरुको नामले प्रख्यात व्यक्ति । पछि चोरको बाबु भनी बदनाम हुने अवस्था आउने भयो । त्यति मात्र होइन त्यस बेलाको नियम अनुसार साधारण चोरलाई पनि मृत्यु दण्ड दिने चलन थियो, आफ्नो छोरा त झन राजाको ढुकुटी नै फोर्न जाने भएपछि उसलाई मृत्यु दण्ड दिने हेरिरहनु पर्ने भयो । यो कुरा सम्झी पुरोहितलाई शोक र चिन्ताले गर्दा निन्द्रा लागेन । खाना पनि मन लागेन । त्यस्तो छोरा जन्मदै नजन्मे पनि हुन्थ्यो भने जस्तो लाग्यो । तैपनि उसको मनमा लाग्यो– "विरियवतो किं नाम कम्मं न सिज्झति" अर्थात उत्साह गऱ्यो भने के मात्र सिद्ध हुन्न भन्ने बुद्धको उपदेश सम्झी उपाय त केही छ भनी मनमा सन्तोष लियो । यस बच्चालाई राम्रो शिक्षा दिई विद्या पढाउन कोशिस गऱ्यो भने त चोर नहुन पनि सक्दछ भन्ने विश्वास भयो । उत्साह बढ्यो ।

पछि उसको छोरो ठूलो भएपछि उसलाई गुरु कुलमा लगेर छोड्यो । त्यसपछि पुरोहितले गुरुलाई बिन्ती गऱ्यो– "गुरुजी ! मेरो

Downloaded from http://www.dhamma.digital

छोरालाई अरू विद्या केही चाहिंदैन, केवल धर्म शास्त्र मात्र पूरा सिकाइदिनुहोस्" । यति भनी आफ्नो छोरो गुरु कहाँ छोडेर फर्क्यो । पछि त्यो बालक धर्म शास्त्रमा पारंगत भई घर फर्क्यो ।

हाम्रो मनलाई निष्क्रिय राख्न हुँदैन । त्यसो भनेको कर्ममा नै छैन भनेर निराश हुनु हुन्न । उत्साह नगरी राम्रो काम गरेन भने झन झन कर्म खोटो भई खराब हुन जान्छ । त्यसैले त्यस बालकको चोर हुने संस्कार भएर पनि गुरु कूलमा बसी विद्याध्ययन गरुञ्जेल उसको मन पढ्ने तिर नै तल्लीन भयो । चोर हुने संस्कार हटेर गयो ।

त्यस राजपुरोहितको छोरो विद्या पढी घर फर्केर चाहिने काम गरी आफ्नो जीवन निर्वाह गरिरह्यो । व्यवहारमा कहिले काहिं खराब काम गर्नु पर्ने अवस्था पनि आउँथ्यो । खराब काम गर्ने बेला आयो भने उसले विचार गर्दथ्यो,यो काम त गर्न हुन्न । कुरा गर्ने बेलामा पनि यो कुरा यहाँ भन्न हुन्छ कि हुन्न भनी विचार पुऱ्याएर मात्र बोल्दथ्यो । उसको व्यवहार राम्रो भएकोले उसका साथीहरूलाई पनि असर पऱ्यो । उसले जहाँ पनि यो असल काम र यो खराब काम भनी छुट्टाइदिने गर्दथ्यो । उसले काम गर्दा प्राय: बाधा अड्चन नआउने गरी काम गर्दथ्यो ।

यसरी उसको व्यवहार राम्रो भएको बारेमा सबै ठाउँमा चर्चा चल्यो, प्रशंसा र कीर्ति फैलिरह्यो । यो कुरा राजा कहाँ पनि पुग्यो । आफ्नै राजगुरुको छोरा असाध्य विद्वान भएको सुनी राजालाई पनि ज्यादै हर्ष लाग्यो । राजाले उसलाई बोलायो । राजाको कविता लेख्ने ठूलो शोक थियो । तर कविता पूरा गर्न सकेको थिएन । राज-पुरोहितको छोरोले राजाको कविता पूरा गरिदियो । राजा एकदम

Downloaded from http://www.dhamma.digital

खुसी भए । राजाले भने– "तिम्रो बुबा बुढा भइसके । उनले तिमीले जति विद्या पढेका पनि छैनन् । अब आज देखि नै तिमी राजगुरु भयौ"। यति भनी पदवी पनि दिए । त्यो बेला देखि उसले राजगुरुको काम राम्ररी सह्याले । चोर हुनु पर्ने मानिस राजगुरु भयो । शिक्षा दिन सके मानिस असल पनि हुँदो रहेछ । शिक्षाले मानिसहरूको पुरानो संस्कार बदल्न सक्दछ ।

उसको बुबाले आफ्नो छोरो चोर भएको देख्न पर्ला भनी चिन्ता लिई हरेस नखाइकन उत्साहपूर्वक राम्रो शिक्षा दिलाउन सकेको कारणले त्यसो (खराब) हुन पाएन । "किं असाध्यं" गरेर नसकिने के छ भनी बुद्धले भन्नु भएको जस्तै पुरोहितको मेहनतले उसको काम सफल भयो । आफ्नो छोरा चोर नभई राजगुरु भयो । त्यसैले ज्योतिष शास्त्रको भरमा मात्र पनि बस्न हुँदो रहेनछ ।

यो कथाले भन्न खोजेको तात्पर्य के छ भने, कर्ममा रोपेर आए- को छैन भनी कर्मको भरोसामा मात्र नबसी वा भाग्यलाई दोष नदिई काम गर्नु पर्दछ । निराश भएर बस्न हुन्न । अर्को कुरा, मानिसहरूलाई आचरण शुद्ध हुने शिक्षा दिनु पर्दछ । शिक्षा दिने अभिभारा आमा बाबुको हातमा हुन्छ । राम्रो विद्या सिकाउने ठाउँमा आफ्ना छोरा- छोरीहरू राखी पढाउनु पर्दछ । यही हो प्रज्ञा चक्षु उत्पत्ति हुने बाटो । बुद्धले भन्नु भए जस्तै आँखा प्राप्त हुने शिक्षा पनि यही हो ।

हाम्रो देशमा भौतिक र लौकिक सुख बृद्धि भइरहेको भएपनि आध्यात्मिक एवं नैतिक शिक्षाको विकास र प्रचार हुन नसकेकोले आमा बाबु, मान्यजन आदिलाई आदर गौरव राख्न नजान्ने भएर गएको

Downloaded from http://www.dhamma.digital

देखिन्छ । कक्षा कोठामा बसेर पनि विद्यार्थीहरू शिक्षकहरूलाई हेपी झगडा गर्ने गर्दछन् । हुनत शिक्षकहरूको पनि नैतिक बल कमजोड भएको देखिन्छ । यसोकिन भएको हो, यो कुरा विचार गर्न योग्य र बुझ्न आवश्यक छ । अक्षर पढ्न जानेपछि सबै नाइके नै हुन पर्नेहरू देखा पऱ्यो । यस्तो भएको मैले हेर्दा त व्यवहार राम्रो बनाउने तत्व बुद्धको "नैतिक शिक्षा" दिन नसकेकोले नै हो । अर्को कारण मानिसहरूमा स्वार्थीभावना झन झन बलियो हुँदै गएकोले पनि हो । अहिले पनि समय बाँकी नै छ, भूलहरू सुधार गरी सम्यक दृष्टी अपनाउन सकेको खण्डमा यी समस्याहरू समाधान हुन सक्दछ ।

अब विउँझनु परेको छ । आँखा खोल्न परेको छ । सबैलाई बौद्ध शिक्षा दिनु परेको छ । त्यसो भनेको अन्ध विश्वासले भरेको कथा आदिको शिक्षा होइन, व्यवहारिक बन्ने शिक्षा चाहिएको छ । बुद्ध धर्म, नैतिक शिक्षा र समाज सुधारको लागि मेरो भित्री हृदय देखि उत्पत्ति भएको यो एउटा सुझाव मात्र हो । यसमा भित्री तहसम्म हेर्ने र नहेर्ने आ-आपनो नै मनसुवा हुनेछ ।

आपनो मनमा उत्पत्ति भएको सुझावलाई सुझावको रूपमा मात्र सीमित गरी राख्नु मेरो कर्तव्य होइन । मैले बुझे जस्तै, मानिसहरूले आफुले दिएको सुझावलाई पहिला आफैले प्रयोग गरी सकेसम्म व्यवहारमा उतार्न सक्नु पर्दछ । यही विचार गरी मैले आजका युवा-युवती, भाई बहिनीहरूलाई आफुले सके जति बौद्ध शिक्षा दिनको लागि धर्मकीर्ति विहारमा "बौद्ध अध्ययन गोष्ठी" खोलेको छु । जहाँ प्रत्येक शनिवार बौद्ध शिक्षा अध्ययन भइराखेको छ ।

Downloaded from http://www.dhamma.digital

प्रज्ञा चक्षु नभइकन हाम्रो जीवन सफल हुन सक्दैन । यस्तो ज्ञानको आँखा बनाउनको लागि प्रारम्भीक आधारशीलाको रूपमा बुद्ध धर्म सम्बन्धि पुस्तक पढ्ने, अध्ययन गोष्ठीमा भाग लिने, छलफल गर्ने आदि कार्य अत्यावश्यक छन् । सबभन्दा चाहिने कुरा त पढेको, सुनेको र देखेको कुरालाई लहलहैमा मात्र नलागी आफ्नो स्वच्छ मनबाट विचार गरी बुझन सक्नु पर्दछ । लहलहैमा लाग्यो भने आँखा भए पनि अन्धा भइन्छ । आउनुस, साच्चै उपयोगी आँखा प्रज्ञा-चक्षु प्राप्त गर्न तिर हामी सबै लागौं ! !

★

Downloaded from http://www.dhamma.digital

# यस पुस्तक बारे

हामी आँखा भएर पनि अन्धा हुन सक्छौं। हाम्रो अनुहारमा भएको रगत र मासुको आँखाले मात्रै हामी सत्य, वास्तविकता र ठीक–बेठीक देख्न सक्दैनौं। वास्तविकता र यथार्थता देख्न–बुझ्नको लागि त ज्ञान रूपी प्रज्ञा–चक्षु हुनु पर्दछ। यो 'प्रज्ञा चक्षु' भनेको के हो ? र यो प्रज्ञा चक्षु कसरी प्राप्त गर्न सकिन्छ ?

भगवान बुद्धले आफ्नो प्रथम धर्म देशनामा "(बुद्धत्व प्राप्तिबाट) मलाई आँखा प्राप्त भयो, विद्या उत्पन्न भयो, र प्रकाश उदय भयो" भनेर भन्नु भएको छ। बुद्धले पनि यहाँ आँखा भन्नु भएको यहि 'प्रज्ञा–चक्षु' नै हो।

आज हाम्रो देश र समाज भौतिक रूपले विकसित भइ रहेता पनि मानिसहरूको समस्या, पीडा र दुख भने बढ्दो रूपमा छ। किन ? यस स्थीतिलाई परिवर्तन कसरी गर्न सकिन्छ ? हामी हाम्रा समस्याहरूलाई समाधान गर्न सक्षम कसरी हुन सक्छौं ? र ती समस्याहरूलाई हटाई हामी आफै र हाम्रा सन्तति र अरूलाई समेत कसरी सुखी र सन्तुष्ट बनाउन सक्छौं ?

यो सबैका लागि हामीमा बाहिरी दुई आँखा मात्र होइन– भित्री प्रज्ञा चक्षु हुन आवश्यक छ।

प्रस्तुत छ, यी नै कुराहरू वर्णन गरिएको यस पुस्तक

प्रज्ञा चक्षु

Downloaded from http://www.dhamma.digital